# रामपुरनगरपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः२ मितिः २०७९/०९/२१

## भाग -२


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम रामपुर नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# रामपुर नगरपालिकाको
# उप प्रमुख ग्रामीण महिला उत्थान कार्यक्रम कार्यान्वयन
# कार्यविधि, २०७९

**प्रस्तावनाः** रामपुर नगरपालिका भित्र स्थायी रूपमा बसोबास गर्ने महिलाहरूको सशक्तीकरणका लागि उद्यमशीलता, स्वावलम्बन र सीपमूलक तालिम मार्फत स्वरोजगार एवम् आत्मनिर्भर बनाउन सहयोग गर्ने उद्देश्यले सञ्चालन हुने उप प्रमुख ग्रामीण महिला उत्थान कार्यक्रमलाई सरल, सहज र प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उद्देश्यले रामपुर नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को नियम ४ ले दिएको अधिकार प्रयोग गरी रामपुर नगरकार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम उप प्रमुख ग्रामीण महिला उत्थान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क)"ग्रामीण महिला" भन्नाले रामपुर नगरपालिका भित्र स्थायी बसोवास गर्ने घरायसी कार्यमा संलग्न विवाहित/अविवाहित/एकल महिला/अपाङ्गता भएका महिलालाई सम्झनु पर्छ।

(ख)"ग्रामीण महिला" समूह भन्नाले रामपुर नगर कार्यपालिकाको वडा कार्यालयमा दर्ता भएको ग्रामीण महिलाहरू वा महिला समूह समेत सम्झनु पर्छ।

(ग) "ग्रामीण महिला उत्थान" कार्यक्रम भन्नाले ग्रामीण महिलाहरूको उत्थान वा सशक्तीकरणका लागि रामपुर नगर कार्यपालिकाले संचालन गरेको सीपमुलक तालिम, उद्यमशीलता प्रवर्द्धन, आयआर्जन र बजारीकरण लगायतको कार्यक्रमलाई सम्झनु पर्छ .

(घ) "स्थानीय तह" भन्नाले रामपुर नगरपालिका सम्झनु पर्छ।

(ङ) "वडा" भन्नाले रामपुर नगरपालिका भित्रका सबै वडालाई सम्झनु पर्छ ।

(च) "सीप मूलक तालिम" भन्नाले आय आर्जनका लागि कुनै पेशा व्यवसाय सँग सम्बन्धित तालिमलाइ सम्झनु पर्छ ।

(छ)"अनुदान" भन्नाले आय आर्जनका लागि कुनै पेशा व्यवसाय सञ्चालनमा आवश्यक यन्त्र/उपकरण/प्रविधिहरु/ तथा स्थानीय तहले उपलब्ध गराउने नगद रकम सम्झनु पर्छ ।

## परिच्छेद- २
## कार्यक्रमको उद्देश्य, स्वरूप, विषयक्षेत्र र सहभागी छनौटको आधार

**३. उद्देश्यः** (१) कार्यक्रमको प्रमुख उद्देश्य स्थानीय तहभित्र स्थायी बसोबास गर्ने ग्रामीण महिलाहरूको सशक्तीकरण गर्दै जीविकोपार्जन वा आयआर्जन गर्नका लागि आत्मनिर्भर बनाउन सहयोग गर्ने।

(१) कार्यक्रमका अन्य उद्देश्यहरू देहायबमोजिम रहेका छन् ।

(क) गरिबीको रेखामुनि रहेका समुदायका ग्रामीण महिलाहरूलाई आयमूलक क्रियाकलाप गर्न प्रोत्साहन गर्ने,

(ख) ग्रामीण महिलाहरूलाई स्वरोजगार तथा उद्यमशीलता प्रवर्द्धन मार्फत विकासको मूलधारमा ल्याउन सहयोग गर्ने,

(ग) उद्यमशीलता र सशक्तीकरणको माध्यमबाट महिलाहरूको आर्थिक तथा सामाजिक रूपान्तरण र क्षमता अभिवृद्धि गर्ने

(घ) ग्रामीण महिलाहरुको लागि सचेतना एवम् नेतृत्व विकासको लागि क्षमता अभिवृद्धि गर्ने।

(ङ) विभिन्न पेशा तथा व्यवसायमा संलग्न रहेका महिलाहरुको पेशा व्यवसायलाई दिगो बनाउनका लागि आवश्यक यन्त्र/उपकरण/प्रविधिहरु तथा नगद रकम उपलब्ध गराउने।

**४.ग्रामीण महिला उत्थान कार्यक्रमः**

(१) यो कार्यक्रम चालू आर्थिक वर्ष २०७९।८० मा शुरू गरी आवश्यकता अनुसार आगामी आर्थिक वर्षहरुमा समेत निरन्तरता दिइनेछ ।

(२) यस कार्यकम अन्तर्गत सचेतना अभिवृद्धि कार्यकम, शिक्षा/सीपमूलक तालिम वा उद्यमशीलता, सीप परीक्षण, बीउ पूँजी र ग्रामीण महिला समूहको गठन गरी व्यवसायबाट उत्पादित सामग्रीहरूको बजारीकरणको व्यवस्था समेत गरिनेछ र यो कार्यक्रमले ग्रामीण महिलाहरूको कानूनी, सामाजिक, राजनीतिक र आर्थिक पक्षको सशक्तीकरणमा जोड दिनेछ।

(३) कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहको महिला तथा बालबालिका शाखालाई ग्रामीण महिला उत्थान/सशक्तिकरण केन्द्रका रूपमा समेत कार्य गर्ने गरी तोकिनेछ। उक्त केन्द्रबाट ग्रामीण महिलाहरूको आवश्यकता पहिचान, प्रोफाइल विकास, चेतना जागरण, शिक्षा, सीपमूलक तालिम वा उद्यमशीलता सम्बन्धी तालिम, सीप परीक्षण तथा बीउ पूँजी व्यवस्थापन लगायतका कार्यहरू गर्न वडा तथा विभिन्न गैरसरकारी संघ/संस्थाहरुसँग समन्वय, सहकार्य र साझेदारीमा सञ्चालन गर्न सहयोग गरिनेछ। उक्त केन्द्रको काममा सहयोग गर्ने गरी एकजना कार्यक्रम संयोजकको व्यवस्था गरिनेछ। यस्तो कार्यक्रम संयोजक महिला बालबालिका शाखामा कार्यरत कर्मचारीहरू मध्येबाट तोक्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम कार्यक्रम संयोजक राख्नु परेमा कार्यपालिकाको निर्णयानुसार गरिनेछ ।

(५) कार्यक्रममा सहभागी ग्रामीण महिलाहरूको सामूहिक एवम् एकल व्यवसायबाट उत्पादित सामग्रीहरूको बजारीकरणका लागि समन्वय, सहजीकरण र सञ्चालन गर्ने व्यवस्था समेत यस कार्यक्रम भित्र रहनेछन् र यसका लागि जिल्ला तथा नगर स्थित उद्योग वाणिज्य संघ एवं सामग्रीको उत्पादन देखि सीमा पार व्यापार सम्मका विभिन्न मूल्य शृङ्खलामा काम गर्ने सरकारी तथा गैरसरकारी संस्थाहरूको सहयोग लिन सकिने छ।

(६) प्राविधिक कार्य तथा सीपमूलक तालिम सञ्चालनको लागि सम्बन्धित विषय क्षेत्रका प्रशिक्षकहरूलाई रोष्टर सूची मार्फत सहजकर्ताको रूपमा परिचालन गरिनेछ ।

(७) कार्यक्रम छनौट भएका वडा तहमा ग्रामीण महिलाको आवश्यकता अनुसार सञ्चालन हुने सचेतना, जागरण, शिक्षा, सीपमूलक तालिम वा उद्यमशीलता सम्बन्धी तालिम, सीप परीक्षण, बीउ पूँजी र ग्रामीण महिला समूहको गठन र परिचालन लगायतका कार्यहरूमा वडा कार्यालय र गैरसरकारी संस्थाहरूसँगको सहकार्य एवम् समन्वयमा सञ्चालन हुनेछ।

**५. तालिम तथा व्यवसायको विषयक्षेत्रः**

(१) कार्यक्रममा सहभागी हुने ग्रामीण महिलाले देहाय बमोजिम क्षेत्रमा सीपमूलक तालिम लिई व्यवसाय सञ्चालन गर्न सक्नेछनः

(क) लघु उद्यमसँग सम्बन्धित पेसा तथा व्यवसाय,

(ख) ब्यूटीशियन तालिम,

(ग) अचार र गुन्द्रुक बनाउने, मैनबत्ती बनाउने।

(घ) पराल एवम् बेतबाँसजन्य सामग्री निर्माण,

(च) मौरी पालन,

(छ) घरेलु उद्योगसँग सम्बन्धित व्यवसाय,

(ज) निर्माण, कृषि, सेवा, विद्युतीय वायरिङ्ग, हस्तकला तथा तयारी पोसाक, खाद्य सामग्री प्रशोधन र सूचना तथा प्रविधिका क्षेत्रसँग सम्बन्धित

(झ) स्थानीय परिवेश अनुसार सान्दर्भिक पेसा र व्यवसाय

**६. तालिमको प्रकार र स्वरूपः**

(१) तोकिएको विषयक्षेत्र अन्तर्गतको व्यवसायमूलक तालिम कम्तिमा सात दिन देखि तीन महिना सम्मको हुनेछ ।

(२) प्रति समूह बीस देखि तीस जना ग्रामीण महिलाहरूको लागि तोकिएको विषय क्षेत्रमा तालिम सञ्चालन गर्नुपर्नेछ।

(३) तीन महिनाको तालिम पूरा गरेका ग्रामीण महिलाहरूको लागि सीप परीक्षण गर्नुपर्नेछ ।

(४) तालिम पूरा गरी व्यवसाय गर्न इच्छुक महिलाहरूलाई बैंक खातामा बीउ पूँजीको रूपमा रू १५,०००/- (पन्ध्र हजार) निकासा गरिनेछ । यसमा ६० प्रतिशत स्थानीय सरकारबाट र ४० प्रतिशत सम्बन्धित ग्रामीण महिलाहरुबाट लागत साझेदारी गर्नु पर्नेछ ।

(५) बाह्र देखि बीस जना समूह गठन गरी समूहको नाममा खाता खोली सामूहिक उद्यमशीलता गर्न चाहने समूहलाई समूहको बैंक खातामा रू। १ लाख निकासा गरिनेछ र रू १ लाख मध्ये यसको ६० प्रतिशत स्थानीय तहबाट र ४० प्रतिशत सम्बन्धित सामूहिक उद्यमशीलता गर्न चाहने समूहबाट लागत साझेदारी गर्नु पर्नेछ। बीउ पूँजी प्राप्त गरेको एक वर्ष पश्चात प्रत्येक वर्ष समूहको कोषमा प्रत्येक सदस्यले प्रति महिना १०० रूपैया जम्मा गर्नु पर्नेछ र कोषको निरन्तरता हुनुपर्नेछ ।

(६) ग्रामीण महिलाहरूले उत्पादन गरेका सामग्रीहरूको खरिद गरी बिक्री वितरण गर्नका लागि सम्बन्धित वडा कार्यालयसँगको सहकार्यमा उप प्रमुख कोशेली घर स्थापना गरी संचालन गरिनेछ ।

**७. कार्यक्रम संचालन प्रक्रियाः**

(१) यस कार्यक्रम अन्तर्गतका कृयाकलापहरू देहाय बमोजिम सञ्चालन गर्न सकिनेछ।

(क) स्थानीय तह वा मातहतको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा मार्फत,

(ख) वडा कार्यालयसँगको सहकार्य र साझेदारी मार्फत,

(ग) स्थानीय तह भित्र सूचीकृत स्थानीय गैरसरकारी संघसंस्था र उद्यमी सम्बद्ध संस्था मार्फत,

(घ) ग्रामीण महिला समूह मार्फत ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित स्थानीय तहसँग सम्झौता गरी कार्यान्वयन गर्नुपर्नेछ ।

**८. सहभागी छनौटको आधारः**

कार्यक्रममा सहभागी हुन आवेदन पेस गर्ने महिलाहरूले देहाय बमोजिमको आधारहरू पूरा गरेको हुनुपर्नेछः

(क) सम्बन्धित स्थानीय तहमा स्थायी बसोबास भएको,

(ख) ग्रामीण महिला वा ग्रामीण महिलाको समूह गठन गरी वडा कार्यालयमा दर्ता गरेको,

(ग) अन्य कुनै स्थायी वा करार सेवामा कार्यरत नभएको,

(घ) २० देखि ५५ वर्ष उमेर भित्रको,

(ङ) दफा ५ मा उल्लिखित व्यवसायका क्षेत्रहरू मध्ये कुनै एक क्षेत्रको कार्यक्रममा सहभागी हुने गरी आवेदन पेस गरेको,

(च) सहभागी छनौट गर्दा देहायको प्राथमिकता क्रम अनुसार छनौट गर्नुपर्नेछः

विपन्न दलित, सीमान्तकृत, लोपोन्मुख र अल्पसङ्ख्यक महिला, शहीद परिवार, एकल महिला, द्धन्द्वपीडित र अपाङ्गता भएका महिला, इच्छुक बेरोजगार र आर्थिक रूपले विपन्न महिला।

**परिच्छेद ३**

**कार्यक्रम सञ्चालन प्रक्रिया**

**९. कार्यक्रम सञ्चालनका लागि वडा छनौट प्रकियाः**

(१) कार्यक्रम सञ्चालनका लागि उप प्रमुख ग्रामीण महिला उत्थान कार्यक्रम संचालन छनौट निर्देशक समितिले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम वडा छनौटका आधार कार्यपालिकाको निर्णयानुसार हुनेछ।

(३) छनौट भएको वडामा कार्यक्रम सञ्चालनका लागि कार्य क्षेत्र तथा ग्रामीण महिलाको छनौट सम्बन्धित स्थानीय तहले गर्नेछ।

**१०. सूचना प्रकाशन तथा प्रस्ताव पेस गर्नेः**

(१) स्थानीय तहबाट सूचना प्रकाशन गरी सहकार्य गर्न इच्छुक गैरसरकारी संघसंस्था/व्यक्ति/ समूह वा फर्मसँग प्रस्ताव माग गरी उक्त प्रस्ताव समेतका आधारमा छनौट गर्ने।

(२) कार्यक्रममा सहभागी हुने महिलाको छनौटका लागि स्थानीय तहबाट कम्तिमा ७ र बढीमा १५ दिनको म्याद दिई सहभागिताका लागि सम्बन्धित शाखामा निवेदन पेस गर्न सूचना प्रकाशन गर्ने र उक्त सूचना स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना प्रकाशित भए पश्चात इच्छुक ग्रामीण महिलाले स्थानीय तहले प्रकाशन गरेको सूचना बमोजिम तालिममा सहभागि हुन चाहेमा आफू बसेको वडा कार्यालय वा स्थानीय तहको महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखामा सूचनाको उल्लिखित म्यादभित्र निवेदन पेस गर्नु पर्नेछ ।

(४) प्राप्त निवेदन मध्येबाट तालिमको क्षेत्रमा सीपमुलक एवम् स्वरोजगारमूलक तालिमको लागि वडा कार्यालय वा महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले दफा ८ को आधारमा बढीमा ३० जना सहभागीहरू छनौट गरी तालिमको लागि सिफारिस वा छनौट गर्नु पर्नेछ।

(५) छनौट भएका ग्रामीण महिलाहरूको प्रोफाइल तयार गरी उक्त प्रोफाइलका आधारमा महिलाको लागि तालिम लगायतका कानूनी, आर्थिक र सामाजिक सशक्तीकरणका कार्यक्रमहरू संचालन गर्नुपर्नेछ। स्थानीय तहबाट छनौट भएका ग्रामीण महिलाहरूको सशक्तीकरणका लागि अलग अलग रूपमा संघ, प्रदेश, स्थानीय तह, संघसंस्था र महिला उद्यमी संस्थाहरू मार्फत समेत कार्यक्रम संचालन गर्न सकिनेछ।

(६) ग्रामीण महिलाहरूको सशक्तीकरण कार्यक्रम संचालनका लागि विभिन्न संस्थाहरू मार्फत विस्तृत प्रस्ताव माग गरी सेवा खरिद सम्बन्धमा प्रचलित खरिद कानुन बमोजिम गर्नुपर्नेछ।

## ११. प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरू:

(१) संघसंस्था, महिला उद्यमी, निजी तालिम प्रदायक संस्थाहरूबाट कार्यक्रम संचालन गर्दा देहायका कागजातहरू संलग्न गरी आवेदन दिनु पर्नेछः

(क) प्रचलित कानून बमोजिम संस्थाको दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,

(ख) संस्थाका सञ्चालकहरूको विवरण/ तस्विरहरू,

(ग) संस्थाको अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(घ) संस्थाको जनशक्तिको अवस्था र भौतिक पक्षको विवरण,

(ङ) संस्थाको विधान र संस्थाको संक्षिप्त प्रोफाइल,

(च) अघिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्र,

(छ) समाज कल्याण परिषद्मा आवद्धताको प्रमाणपत्र वा स्थानीय तहमा दर्ता वा सूचीकृत भएको प्रमाणपत्र

(ज) कार्यक्रमको प्रस्तावना पत्र

(झ) संस्थाको अनुभव र गरेका प्रमुख कार्यहरू र स्थायी लेखा नम्बर अन्य आवश्यक कागजातहरू।

## १२.वडास्तरीय सहभागी छनौट समितिः

(१) कार्यक्रम संचालनका लागि वडा कार्यालयमा प्राप्त भएका निवेदनहरूको मूल्याङ्कन र सिफारिस गर्न देहाय बमोजिमको छनौट तथा सिफारिस समिति रहनेछः

(क) वडाध्यक्ष -संयोजक

(ख) सम्बन्धित वडा सदस्य महिला र दलित गरी दुई जना- सदस्य

(ग) महिलाको क्षेत्रमा क्रियाशील वडा तहले मनोनयन गरेको विज्ञ -सदस्य

(घ) सम्बन्धित वडा सचिव -सदस्य सचिव

(२) छनौट समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको अनुभवी व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक भत्ता सम्बन्धी व्यवस्था स्थानीय तहको स्वीकृत कार्यसंचालन निर्देशिका अनुसार हुनेछ।

(४) बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**१३. निर्देशक समितिः** ग्रामीण महिला उत्थान कार्यक्रमको लागि आवश्यक नीती, योजना निर्माण एवम् मार्गदर्शनका लागि देहायबमोजिमको निर्देशक समिति रहनेछः

(क) नगर उप प्रमुख -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(ग) सामाजिक विकास समिति संयोजक - सदस्य

(घ) आर्थिक विकास समिति संयोजक - सदस्य

(ङ) कार्यपालिका सदस्य महिला मध्येबाट १ जना- सदस्य

(च) उद्योग वाणिज्य संघले तोकेको १ जना महिला उद्यमी - सदस्य

(छ) महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख- सदस्य सचिव

**१४. निर्देशक समितिको काम, कर्तव्य र अधिकारः**

(१) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) नीति तथा योजना तर्जुमा गर्ने,

(ख) कार्यक्रम सञ्चालन गर्नका लागि वडास्तरीय सहभागी छनौट समितिबाट सिफारिस भएका ग्रामीण महिलाहरुको छनौट गरी स्वीकृत गर्ने,

(ग) वडा तहसँग समन्वय र कोटा निर्धारण गर्ने

(घ) कार्यकमको प्रभावकारी कार्यान्वयनका लागि कार्यक्रमको मोडालिटी स्वीकृत गर्ने,

(ङ) सीपमूलक तालिम सञ्चालनका लागि व्यावसायिक तथा सीप विकास केन्द्र र तालिम प्रदायक संस्था र अन्य कार्यक्रम कार्यान्वयनमा संलग्न संस्थाहरूलाई निर्देशन गर्ने,

(च) कार्यक्रम सञ्चालन हुने वडा वा समुदायमा सहजीकरण गर्ने र अनुगमन तथा मूल्याङ्कन गराउने .

(२) निर्देशन समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको अनुभवी व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक भत्ता सम्बन्धी व्यवस्था स्थानीय तहको स्वीकृत कार्य संचालन निर्देशिका अनुसार हुनेछ।

(४) बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**१५. सीपमूलक तालिमको पाठ्यक्रमः**

(१) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् तथा अन्य निकायबाट स्वीकृत पाठ्यक्रम लागु गरिएको साथै बजारको माग अनुसार पाठ्यक्रम तर्जुमा गरी सञ्चालन गर्न सकिनेछ। सीप परीक्षणका लागि सम्बन्धित विषय क्षेत्र/कार्यमा ३९० घण्टाको तालिम सञ्चालन गर्नुपर्नेछ ।

(२) निजी तालिम प्रदायक संस्था तालिम संचालन गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा खरिद सम्बन्धी विभिन्न ऐन नियमावली बमोजिम गरिनेछ ।

**१६. कार्यक्रम कार्यान्वयन समितिः**

(१) ग्रामीण महिला उत्थान कार्यक्रम अन्तर्गत संचालन हुने सीपमूलक तालिमको कार्यक्रम कार्यान्वयन गर्न देहाय बमोजिमको समिति रहनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ख) योजना शाखा प्रतिनिधि- सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रतिनिधि - सदस्य

(घ) उद्यम विकास शाखा प्रतिनिधि - सदस्य

(ङ) महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा हेर्ने कर्मचारी- सदस्य सचिव

**१७. कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारः**

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्यक्रम संचालनका लागि वडा छनौट गरी निर्देशक समिति समक्ष सिफारिस गर्ने,

(ख) ग्रामीण महिला उत्थान कार्यक्रम सञ्चालन हुने वडा वा समुदायमा सहजीकरण गर्ने,

(ग) उत्पादित सामग्रीको गुणस्तर निर्धारण लेबलिङ्ग,ब्रान्डिङ्ग गर्दै स्थानीय तहले कार्यपालिकाको निर्णयानुसार खरिद गर्नका लागि निर्देशन समितिसँग समन्वय गरी बिक्री एवम् उत्पादनको मूल्य प्राप्तिमा आवश्यक सहजीकरण गर्ने।

(२) कार्यान्वयन समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको अनुभवी व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक भत्ता सम्बन्धी व्यवस्था स्थानीय तहको स्वीकृत कार्य संचालन निर्देशिका अनुसार हुनेछ।

(४) बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**१८. उत्पादनको बजारीकरणः**

(१) ग्रामीण महिलाबाट उत्पादित सामग्रीहरूको खरिद तथा बिक्रीका लागि कार्यक्रम संचालन भएको वडा कार्यालयसँगको सहकार्यमा आवश्यक कार्यविधि बनाई खरिद तथा बिकि स्टलहरूको व्यवस्था गरिनेछ।

(२) उत्पादित सामग्रीहरूको प्रचार प्रसार गर्ने व्यवस्था गरिनेछ ।

(३) रामपुर नगरपालिका भित्रका मुख्य बजार लगायतका पाल्पा जिल्ला भित्रका प्रमुख बजार, अन्तरपालिका समन्वय, महिला उद्यमी मार्फत सञ्चालित व्यापार प्रवर्द्धन केन्द्रसँग समन्वय गरी उत्पादित सामग्रीको बजारीकरण गर्न सहजीकरण गरिनेछ ।

(४) उत्पादनको ब्रान्डिङ, लेवलिङ्ग र यसलाई बजारसम्म सोझै जोड्ने वैकल्पिक व्यापार मेला (Alternative trade/Fair trade linkage ) स्थापना गर्ने कार्य स्थानीय तहले गर्नेछ।

(५) व्यवसायिक उत्पादनका लागि बीउ पूँजी उपलब्ध गराउदा वा प्राविधिक सहयोगको क्रममा ग्रामीण महिलाहरूलाई सम्भव भएसम्म प्रत्येक वडामा अलग-अलग उत्पादनमा जोड दिने व्यवस्था गरिनेछ र मूल्य श्रृखंलामा आधारित उत्पादन तथा बजारीकरणलाई प्रोत्साहन गरिनेछ।

## परिच्छेद-४
## स्थानीय तहको भूमिकाः

### २०. स्थानीय तहको भूमिकाः

(१) कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहको भूमिका देहायबमोजिम हुनेछः

(क) ग्रामीण महिलाको आवश्यकता पहिचान गर्ने,

(ख) मापदण्ड बमोजिम कार्यक्रम कार्यान्वयनका लागि वडा छनौट गर्ने।

(ग) सम्बन्धित वडा तहमा उपयुक्त र सान्दर्भिक व्यवसाय र पेसाहरूको पहिचान गरी सिफारिस गर्ने,

(घ) स्थानीय उद्योग वाणिज्य महासंघ लगायत व्यवसायिक संघ संस्थाहरूसँग बजार व्यवस्थापनका विषयमा आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ङ) स्थानीय तहमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्थाहरूसँग समन्वय गरी थप कार्यक्रम विस्तार गर्ने,

(च) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक स्रोतको लागत साझेदारीको व्यवस्था गर्ने,

(छ) वडा तहमा संचालन हुने महिला उत्थान तथा शसक्तीकरण कार्यक्रम, उद्योग वाणिज्य सङ्ग र राष्ट्रिय अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूको सहयोगमा सञ्चालन हुने कार्यक्रमहरूसँग एकीकृत रूपमा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउने।

(ज) कार्यक्रम सञ्चालनका लागि नगर कार्यपालिकाबाट विनियोजित बजेट सम्बन्धित शाखा तथा कार्यक्रम सञ्चालन निकायमा निकासा गर्ने

(झ) तालिम सम्पन्न गरेका सहभागीहरूको लागि जोड कोष स्थापना गर्न सहयोग र सहजीकरण गर्ने तथा आवश्यकता अनुसार थप बजेट उपलब्ध गर्ने गराउने।

(ञ) कार्यक्रमका सिकाइ एवम् असल अभ्यासहरू आदान प्रदान गर्ने ।

(ट) कार्यक्रम कार्यान्वयनको अनुगमन गरी मूल्याङ्कन गर्ने र सोको प्रतिवेदन बनाउने ।

## परिच्छेद -५
## कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन

### २१. अनुगमन तथा मूल्याङ्कनः

(१) ग्रामीण महिला उत्थान कार्यक्रमको सम्बन्धमा समन्वय, नियमित अनुगमन, सुपरिवेक्षण तथा पृष्ठपोषणको लागि वडास्तरीय तपसिल बमोजिमको एक अनुगमन तथा मूल्याङ्कन समिति गठन गर्नु पर्नेछः

(क) रामपुर नगरपालिकाको उप-प्रमुख- संयोजक

(ख) सम्बन्धित वडाको वडाध्यक्ष -सदस्य

(ग) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक हेर्ने शाखा प्रमुख - सदस्य सचिव

(२) अनुगमन तथा मूल्याङ्कन समितिले कार्यक्रमको अनुगमन गरी प्रतिवेदन मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ ।

**२२.प्रभाव मूल्याङ्कन र परिमार्जनः**

कार्यक्रम संचालनबाट ग्रामीण महिलामा परेको प्रभाव मूल्याङ्कन गरिनेछ । ग्रामीण महिलामा भएका सकारात्मक र प्रमुख परिवर्तन ( Most Significant Change ) हरूको पहिचान गरी थप प्रभावकारी बनाउन आवश्यक साधनहरूको विकास र प्रयोग गरिनेछ ।

## परिच्छेद ६
## विविध

**२३. तथ्याङक अद्यावधिक गर्नेः**

रामपुर नगरपालिकाले ग्रामीण महिला उत्थान कार्यक्रममा सहभागी भई तालिम पूरा गरेका सम्पूर्ण सहभागीको तथ्याङ्कको अभिलेखीकरण गरी अध्यावधिक गर्नेछ ।

**२४. कार्यक्रमबाट खर्च हुनेः** ग्रामीण महिला उत्थान कार्यक्रम सञ्चालनका लागि खर्चका शीर्षक अनुसूची ( ३ बमोजिम हुनेछ ।

**२५. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा लेखिएका कुराहरू प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजिम हुनेछ ।

**२६. आवश्यक व्यवस्था मिलाउनेः** यो कार्यविधिको कार्यान्वयनमा बाधा अकडाउ परेमा कार्यक्रमको उद्देश्य विपरीत नहुने गरी रामपुर नगरपालिकाले आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

**२७. कार्यविधिमा संशोधनः** यो कार्यविधि आवश्यकता अनुसार नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

**२८. खारेजी र बचाउः** यो कार्यविधिमा उल्लिखित कुराहरु प्रचलित कानून बमोजिम बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ

## अनुसूची- १
## (दफा २४ सँग सम्बन्धित)

**कार्यकम सञ्चालनका लागि खर्च गर्ने शीर्षकहरू**

- ग्रामीण महिलाहरूको प्रोफाइल विकास र कार्यकम सञ्चालन।
- तालिम सञ्चालन
- बीउ पूँजी।
- ग्रामीण महिलाहरूको उत्थान तथा सशक्तीकरणका लागि चेतनामूलक, कानूनी, शैक्षिक, सामाजिक र आर्थिक सशक्तीकरण कार्यक्रम सञ्चालन।
- व्यवसायबाट उत्पादन तथा बिक्रीको व्यवस्थापन।
- निर्देशक, कार्यक्रम कार्यान्वयन र अनुगमन समितिको बैठक भत्ता (स्थनीय सरकारको स्वीकृत मापदण्ड अनुसार)
- कार्यशाला गोष्ठी र अभिमुखीकरणको लागि स्टेशनरी, खाजा खर्च र प्रशिक्षण लगायतको खर्च (स्थानीय सरकारको स्वीकृत मापदण्ड अनुसार।
- सीप परीक्षणको लागत (राष्ट्रिय सीप परीक्षण समितिको स्वीकृत मापदण्ड अनुसार)
- अनुगमन तथा मूल्याङ्कन खर्च

नोटः यस अनुसूचीका शीर्षक बमोजिम कार्यक्रम सञ्चालन गर्दा वस्तु, परामर्श सेवा र अन्य सेवा खरिद गर्नु परेमा खरिद सम्बन्धी प्रचलित कानूनको रीत पुऱ्याई गर्नुपर्नेछ ।

आज्ञाले
लेखनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत